अन्नपूर्ण पोष्ट २०८० फागुन १० गते

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड र बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड वीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) पश्चात सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको नामवाट

## मिति २०८० फागुन २४ गतेबाट एकीकृत कारोवार शुभारम्भ हुने बारे सूचना

**(प्रथम पटक प्रकाशन मितिः २०८०/११/१० गते विहीवार)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त यस सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडले "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था, प्रादेशिक स्तर (वागमती प्रदेश) कार्यक्षेत्र भएको बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडलाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्वन्धमा दुवै संस्थाहरुको मिति २०८० आश्वीन ३० गते मंगलवार अलग अलग वसेको विशेष साधारणसभावाट पारित विशेष प्रस्ताव बमोजिम नेपाल राष्ट्र बैंकको मिति २०८० माघ २४ गतेको पत्रवाट एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि अन्तिम स्वीकृति प्राप्त भएको र सोही सन्दर्भमा नेपाल सरकार, उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंको मिति २०८० फागुन ०८ गतेको पत्रवाट गाभिने संस्था बिपिडब्लु लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण ऋण धन र दायित्व हालको कम्पनीले व्यहोर्ने र बुझाउन बाँकी रहेको विवरण समेत बुझाउने सकार्ने गरी बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडमा गाभ्न स्वीकृति प्रदान गरिएको साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०८० फागुन ०९ गतेको पत्रानुसार गाभ्ने/गाभिने अन्तिम स्वीकृति समेत प्रदान गरिएको जानकारी गराउदै गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०८० फागुन २४ गते विहीवार देखि एकीकृत कारोबार गरिने व्यहोरा समस्त ग्राहक वर्ग, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। गाभ्ने/गाभिने (मर्जर) पश्चात संस्थाको रजिष्टर्ड/केन्द्रीय कार्यालय बनेपा नगरपालिका वडा नं. १४, साँगा, काभ्रेपलाञ्चोकमा कायम रहने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**पुनस्च** : एकीकृत कारोवार गर्दा दुवै संस्थाको तथ्यांकहरुलाई एउटै सफ्टवेयरवाट वित्तीय कारोबार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने भएको हुनाले मिति २०८० फागुन २३ गते वुधवार १ (एक) दिनका लागि दुवै लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण कारोबार बन्द रहने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सबैमा जानकारी गराउदछौं । यसवाट ग्राहक वर्गमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं ।

**सामुदायिक लघुवित्त वित्तिय संस्था लिमिटेड**
**Samudayik Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय बनेपा-१४, साँगा काभ्रेपलाञ्चोक
Email : info@slbsl.com.np
Web: slbsl.com.np

**बिपिडब्लु लघुवित्त वित्तिय संस्था लिमिटेड**
**BPW Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय बनेपा-८, काभ्रेपलाञ्चोक
Email : bpwlaghubitta@gmail.com
Web: bpwlaghubitta.com.np

CamScanner